# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३८) काठमाडौं, चैत २९ गते २०४५ साल(अतिरिक्ताङ्क६९

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक ऐन, २०४५ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी साधारण भन्सार महसूल लाग्ने मालवस्तुको मूल्यमा लाग्ने थप अतिरिक्त भन्सार महसूल आजैका मितिदेखि लागू हुने गरी निम्नबमोजिम घटाएको छः–

१. (क) <u>अतिरिक्त भन्सार महसूल पूर्ण रूपले हटाइएका वस्तुहरू</u>

१) अगरबत्ती २) अबिर, केशरी, सिंदूर ३) आल्मोनियम भाँडा ४) सुती कपडा ५) कापी, रजिष्टर, नोटबुक ६) तन्ना, तौलिया रूमाल ७) किला, काँटी, नटबोल्ट ८) केमिकल ९) खेलकूदको उपकरण १०) गुंड, सख्खर ११) काँचको चुरा १२) सुती चादर १३) साइकल, रिक्सा १४) साइकल, रिक्साको टायर टचूब तथा सोको पार्टपूर्जा १५) शिशु आहार तथा धूलो दूध (१६) धाराको सामान १७) फलामे तयारी सामान १८) बिजुलीको बल्ब, टचूबलाइट १९) बिजुलीको सामान २०) लेख्ने छाप्ने मसी २१) मसला (जिरा, मरिच, धनिया आदि) २२) लुब्रीकेण्टस् २३) बस, ट्रक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४) बस, ट्रकको चेसीस २५) स्टेशनरी सामान २६) सुर्ती २७) हाते ज्यावल २८) चिया २९) प्लाइउड ३०) कफी ३१) खैनी, जर्दा ३२) झ्याल ढोकाको सामान ३३) ट्र्याक्टर ३४) अटोरिक्सा ३५) पान पत्ता

(ख) अतिरिक्त भन्सार महसूल दर घटाइएका मालवस्तुहरू

| साधारण भन्सार महसूल दर | अब कायम हुने अतिरिक्त भन्सार महसूल दर |
|---|---|
| (१) ५ प्रतिशतदेखि २० प्रतिशतसम्म साधारण भन्सार महसूल लाग्ने मालवस्तुहरूमा | १०% |
| (२) २५ प्रतिशत साधारण भन्सार महसूल दर लाग्ने मालवस्तुहरूमा | २०% |
| (३) ३० प्रतिशत साधारण भन्सार महसूल दर लाग्ने मालवस्तुहरूमा | २५% |
| (४) ३० प्रतिशतभन्दा बढी साधारण भन्सार महसूल दर लाग्ने मालवस्तुहरूमा | ३०% |
| तर बियर, रक्सी, सिगार, सिगरेट, रेफ्रिजेरेटर, भाँडा सफा गर्ने मेशिन, लुगा धुने मेशिन, एयर कुलर, एयर कण्डीशनर, टेलिभिजन, भिडियो डेक, जीप कार, हात-हतियार, खेल्ने तासमा लागेको अतिरिक्त भन्सार महसूल दर यथावत कायम गरिएको छ । | |
| (५) कृत्रिम रेशाको कपडा तथा सोबाट तयारी भएको लुगामा | ४०% |

२. निकासी हुने मालवस्तुहरूमा १% भन्दा बढी भन्सार महसूल लाग्ने मालवस्तुमा १% मात्र भन्सार महसूल दर कायम गरिएको छ ।

६५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी साधारण भन्सार महसूल लाग्ने मालवस्तुको मूल्यमा लाग्ने अतिरिक्त भन्सार महसूलमा केही मुलुकहरूबाट पैठारी हुने मालवस्तुमा आंशिक छूट दिई आएकोमा अधिकतम सौविध्य प्राप्त देशहरूबाट पैठारी हुने मालवस्तुमा लाग्ने अतिरिक्त भन्सार महसूल दरको ५ प्रतिशत छूट दिने व्यवस्था कायमै राखी अन्य सबै किसिमको छूट दिने व्यवस्था खारेज गरी प्रचलित दरमा आजैका मितिदेखि अतिरिक्त भन्सार महसूल लगाउने गरी यो आदेश जारी गरेको छ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



६५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।